# स्थानीय राजपत्र

## लिम्चुङबुङ गाउँपालिका

खण्ड (५) संख्या (१) बाराहा, उदयपुर १ नं प्रदेश नेपाल
२०७८/८/२६

## भाग-२

**लिम्चुङबुङ गाउँपालिकाको खानेपानी मूल दर्ता तथा खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७८**

लिम्चुङबुङ गाउँसभाको वैठकबाट स्वीकृत भएको ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम लिम्चुङबुङ गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि २०७४ अनुसार सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संबत् २०७८ सारको कार्यविधि नं ०१

**लिम्चुङबुङ गाउँपालिकाको खानेपानी मूल दर्ता तथा खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७८**

**कार्यपालिकाबाट स्वीकृत मितिः- २०७८/०८/२६**

**प्रस्तावना :-**

लिम्चुङबुङ गाउँपालिका क्षेत्र भित्र स्वच्छ खानेपानीको पहुँच सबै गाउँवासीहरुमा पुर्याउने उद्देश्यले स्वच्छ खानेपानी व्यवस्थापन गर्न खानेपानी मूल दर्ता तथा खानेपानी उपभोक्ता समितिहरुको गठन र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ध) र (प) बमोजिम गाउँ कार्यपालिकाबाट **लिम्चुङबुङ गाउँपालिकाको खानेपानी मूल दर्ता तथा खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७८** बनाइएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधिको नाम **लिम्चुङबुङ गाउँपालिकाको खानेपानी मूल दर्ता तथा खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७८** रहेको छ ।

२) यो कार्यविधि लिम्चुङबुङ गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ ।

३) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्विकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :- विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "खानेपानी" भन्नाले स्वच्छ पिउने पानीलाई सम्झनु पर्दछ ।

(ख) "अध्यक्ष" भन्नाले लिम्चुङबुङ गाउँपालिकाका अध्यक्ष सम्झनु पर्दछ ।

(ग) "उपाध्यक्ष" भन्नाले लिम्चुङबुङ गाउँपालिकाका उपाध्यक्ष सम्झनु पर्दछ ।

(घ) "स्थानीय अधिकारी " भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको अधिकृत स्तरको कर्मचारी सम्झनु पर्दछ ।

(ङ) " समिति" भन्नाले विधान अनुसार गठन भएको खानेपानी उपभोक्ता समिति सम्झनु पर्दछ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियम, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(छ) "न्यायिक समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठित न्यायिक समिति सम्झनु पर्दछ ।

**३. दर्ता नगरी उपभोक्ता समिति खोल्न नहुने :** यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि समिति स्थापना गर्नु हुँदैन।

**४. खानेपानीको मूल दर्ता गर्नुपर्ने :**

१) गाउँपालिका क्षेत्रमा खानेपानीको मुख्य श्रोत (मूल, मुहान) बाट संकलन गरि खानेपानी व्यवस्थापन गर्नुपर्ने अवस्थामा सो मूल सहित आधिकारिक खानेपानी उपभोक्ता समिति दर्ता गर्नु पर्नेछ । खानेपानी उपभोक्ता समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोगका लागि खानेपानी संकलन गर्ने मुख्य श्रोत ,मुहान (मूल) दर्ताको लागि स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ । निवेदन प्राप्त भएपछी देहायको मूल दर्ता समितिले खानेपानीको मूल दर्ता गर्न मिल्ने वा न मिल्ने सम्बन्धमा स्थलगत अध्ययन सहित छानबिन गरि दर्ता गर्ने वा नमिल्ने सम्बन्धमा निर्णय गर्नेछ।

गाउँपालिका स्तरीय खानेपानी मूल तथा उपभोक्ता समिति दर्ता समिति :-

१. स्थानीय अधिकारी :- संयोजक

२. सम्बन्धित वडाका वडा अध्यक्ष :- सदस्य

३. खानेपानी मुहानको नजिकको सम्बन्धित वडाको वडा सदस्य :- सदस्य

४. आधारभूत स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख :- सदस्य

५. खानेपानी इकाईमा कार्यरत कर्मचारी :- सदस्य सचिव

२) उपदफा (१) बमोजिम दर्ता गर्दा लाग्ने शुल्क दस्तुर अनुसूची ३ मा उल्लेख बमोजिम हुनेछ ।

**५. खानेपानी उपभोक्ता समिति दर्ता :**

१) स्थानीय स्तरमा व्यक्तिगत वा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समितिले कार्यसञ्चालन गर्नुपर्नेछ । यस कार्यविधि बमोजिम दर्ता नगरी कुनै पनि उपभोक्ता समितिले आफ्नो कार्य सञ्चालन गर्न हुँदैन ।

२) समिति दर्ता गर्न चाहने कुनै सात जना वा सोभन्दा बढी व्यक्तीहरुले समिति सम्बन्धी देहायको विवरण खुलाई समितिको विधान एक प्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ :-

(क) समितिको नाम

(ख) उद्देश्यहरु,

(ग) समितिको सदस्यहरुको नाम, ठेगाना र पेशा र नागरिकताको प्रतिलिपि

३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी समिति दर्ता गर्न उचित ठानेमा समिति दर्ता गरी प्रमाण-पत्र दिनेछ ।

४) स्थानीय अधिकारीले कुनै समिति दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ दिन भित्र त्यस्तो निर्णय उपर गाउँपालिकाको न्यायिक समितिमा उजुर गर्न सक्नेछ।

५) उपदफा (४) बमोजिमको उजुरी प्राप्त भएपछी न्यायिक समितिले आवश्यक जाँचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मनासिब ठहराएमा सो संस्था दर्ता गर्न स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले समिति दर्ता गरिदिनु पर्नेछ ।

६) यस दफा अन्तर्गत दिईएने प्रमाण-पत्रको ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

७) दर्ता भएको समिति प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नविकरण गर्नु पर्नेछ । दर्ता दस्तुर अनुसूची ३ बमोजिम हुनेछ

**६. समिति संगठित मानिने**

१) यस कार्यविधि अन्तर्गत दर्ता भएको समिति अविच्छन्न उत्तराधिकारवाला, स्वशासितर संगठित समिति हुनेछ ।

२) समितिको आफ्नै छाप र लेटर पैड हुनेछ ।

३) समितिको आफ्नै नाममा आधिकारिक बैंक खाता हुनेछ ।

४) समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

**७. संस्थाको सम्पत्ती :-**

१. समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विपरित कुनै सम्पत्तीको दुरुपयोग गरेम, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ती दुरुपयोग गर्ने, रोक्का राख्ने , कब्जा गर्नेबाट संस्थालाई फिर्ता बुझाईदिन सक्छ ।

२. उपदफा (१) बमोजिमको समितिको सम्पत्ती फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कार्वाहीमा चित्त न भुझेको हकमा जिल्ला अदालतमा उजुर गर्न सक्नेछ ।

३. समितिका सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पत्ती वा लिखत वा प्रतिष्ठा विरुद्धकुनै अपराध वा बिराम गरेमा समिति वा समितिको कुनै सदस्य वा उपर कानून बमोजिम गाउँपालिकाले कार्वाही चलाउन सक्नेछ ।

**८. समिति दर्ता भई वा नभई स्थापना भएका संस्थाले दर्ता गर्ने :-**

१) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता भएको र कार्यान्वयनमा रहेको समितिहरुले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ३ महिना भित्र यो कार्यविधि बमोजिम पुनः दर्ता गराउन पर्नेछ ।दर्ताको शुल्क दस्तुर अनुसूची-३ बमोजिम हुनेछ ।

२) आवश्यक कागजात

क) पहिलेको दर्ता प्रमाणपत्र

ख) गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन

ग) साधारण सभाको निर्णय वा समिति गठनको माइन्युट ।

**९. समितिको वर्गीकरण : दर्ता अनुमती प्राप्त गरी गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको वर्गिकरण देहाय बमोजिम हुनेछ :-**

१) "क" वर्ग :- ५०१ जना वा सोभन्दा बढी उपभोक्ता सदस्य रहेको ।

२) "ख" वर्ग :- १०१ देखी ५०० जना उपभोक्ता सदस्य रहेको ।

३) "ग" वर्ग :- १०० जना सम्म उपभोक्ता सदस्य रहेको ।

**१०. समितिको आर्थिक नियन्त्रण** : समितिको आर्थिक नियन्त्रण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११. निर्देशन दिने :-** गाउँपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ तथा त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

**१२. दण्ड सजाय :**

१) दफा ३,४ र ५ बमोजिम दर्ता नगराई समिति स्थापना , मुहान प्रयोग गरेमा त्यस्ता समिति वा संस्थाका प्रबन्ध समितिका सदस्यलाई स्थानीय अधिकारीले जनही रु दुई हजार रुपैयासम्म जरिवाना गराउन सक्नेछ ।

१२. पुनरावेदन : दफा ११ को उपदफा (१) बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**१३. समितिको विघटनः**

१) समितको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो समितिको सम्पुर्ण जायाजेथा गाउँपालिकामा सर्नेछ ।

२) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायाजेथाले भ्याएसम्म त्यस्तो दायित्व गाउँपालिकाले ब्यहोर्नेछ ।

३) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्व समितिको जायाजेथाले नभ्याएमा नपुग दायित्व समितिका पदाधिकारीहरुको जायाजेथाबाट प्राचलित नियम अनुसाय असुल उपर गरिनेछ ।

**१४. नियम बनाउने अधिकारः** यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

**१५. विघटन तथा सञ्चालनः** समितिले आफ्नो विधान अनुसार तोकिएको समयावधिभित्रमा नयाँ कार्यसमिति चयन गर्न नसकेमा उक्त कार्यसमिति स्वतः विघटन भएको मानी अर्को कार्यसमिति चयन नभएसम्म गाउँ कार्यपालिकाले तोकेको तदर्थ समितिबाट समिति सञ्चालन हुनेछ ।

**१६. खारेजी र बचाउ :** यस कार्यविधि लागु हुन पुर्व जलश्रोत ऐन, २०४९ वा प्रचलित ऐन अनुसार दर्ता भएको समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ ।

**अनुसूची १**

**(दफा ४ तथा दफा ५ को उपदफा (१) सँग सम्बन्धित )**

**निवेदन पत्रको ढाँचा**

श्रीमान स्थानीय अधिकारी ज्यू
लिम्चुङवुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर ।

**विषयः- खानेपानी मूल\ खानेपानी उपभोक्ता समिति, संस्था दर्ता सम्बन्धमा ।**

महोदय,

हामीले ............................................................................... उपभोक्ता समिति\संस्था गठन गरी दर्ता गरेर सञ्चालन गर्न चाहेकोले **लिम्चुङबुङ गाउँपालिकाको खानेपानी मूल दर्ता तथा खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७८** को दफा (४) , दफा (५) को उपदफा (१) बमोजिम खानेपानी मुहान\उपभोक्ता समिति दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता समितिको एक प्रति विधान सहित दर्खास्त दिएका छौ ।

विवरण :

१. उपभोक्ता समितिको नाम :-
मुहानको नाम :-
२. कार्यक्षेत्र :-
३. उद्देश्यहरु :-
४. सदस्यको नाम , ठेगाना, पेशा :-
५. मुहानको विवरण :-
क) जल श्रोतको नाम र ठाउँ :-
ख) जलश्रोतको हालको अवस्था :-
६. उपभोक्ता समितिले प्रवाह गर्ने सेवा :-
क) सेवा क्षेत्र :-
ख) सेवाको किसिमः-
ग) लाभान्वित जनसंख्या :-
घ) विस्तार गरिने क्षेत्र :-
७. समितिको ठेगाना :-
८. निवेदक , उपभोक्ता समिति, संस्थाको तर्फबाट दर्खास्त दिनेको

नाम :-
सही :-
पदः
मितिः

अनुसूची २
उपभोक्ता समिति दर्ता प्रमाणपत्र

दर्ता नं

लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर

श्री ............................................................................. लाई **लिम्चुङबुङ गाउँपालिकाको खानेपानी मूल दर्ता तथा खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७८** को दफा (४), दफा (५) को उपदफा (२) बमोजिम यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ । लिम्चुङबुङ गाउँपालिकाको खानेपानी मूल दर्ता तथा खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७८ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नुहोला ।

मितिः- ..............................

**अनुसूची ३**
**शुल्क तथा दस्तुर**

| **शुल्क शिर्षक** | **"क" वर्ग** | **"ख" वर्ग** | **"ग" वर्ग** |
|---|---|---|---|
| **दर्ता** | रु १,०००-। | रु ८००-। | रु ५००-। |
| **नवीकरण** | रु ५००-। | रु ४००-। | रु ३००-। |
| **खारेजी\विघटन** | रु ४००-। | रु ३००-। | रु २००-। |
| **जरिवाना** | निर्धारित समयमा समितिले नविकरण नगरेमा जरिवाना दस्तुर प्रति महिना रु १००।— ( रु पचास मात्र) को दरले थप गरिने छ । | निर्धारित समयमा समितिले नविकरण नगरेमा जरिवाना दस्तुर प्रति महिना रु ५०।— ( रु पचास मात्र) को दरले थप गरिने छ । | निर्धारित समयमा समितिले नविकरण नगरेमा जरिवाना दस्तुर प्रति महिना रु ४०।— ( रु पचास मात्र) को दरले थप गरिने छ । |

आज्ञाले
टार्जन कुमार लिम्बु
(प्रमुख प्रशासकीय अधिकृत)

प्रकाशित मितिः २०७८/८/२९